


**हात्तीपाइलेबाट बचौं:** विराटनगर महानगरपालिका अगाडि शनिबार हात्तीपाइले विरुद्धको औषधी खाँदै सर्वसाधारणहरु। विराटनगरमा दुई हप्तासम्म हात्तीपाइले विरुद्धको १२ औं चरणको औषधी सुखाउन स्वास्थ्यकर्मीहरु खटिएका छन्। मोरङमा १० लाख ७४ हजार ७९० जनालाई औषधि खुवाउने लक्ष्य छ। *तस्बिर : हाम्रोमत दैनिक*

# विराट राजवंशी महोत्सव हुने

◆ **हाम्रेमत संवाददाता**

*विराटनगर, २८ फागुन*

राजवंशी समुदायको भाषा र संस्कृति संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले 'विराट राजवंशी महोत्सव मेला' आयोजना हुने भएको छ। विराट राजवंशी प्रगतिशील विकास समाज समितिले आउँदो चैत्र ५ गतेदेखि १५ गतेसम्मका लागि मेला आयोजना गर्ने भएको हो।

विराटनगर-५ त्रिमुर्ति चौकस्थित जागृति टोल पश्चिमको खाली चौरमा मेला आयोजना गर्न लागिएको आयोजकले शनिबार विराटनगरमा पत्रकार सम्मेलन गरि जानकारी गराएको छ। आयोजकको अनुसार विराट राजवंशी समुदायको मौलिक खानपान, भेषभुषा र सांस्कृतिक धरोहर प्रर्दशन गरिने मेलामा राष्ट्रिय तथा स्थानीयस्तरका कलाकारहरुको प्रस्तुती रहनेछ।

मेलामा सुगम पोखरेल, प्रमोद खरेल, शिव परियार, मेलिना राई, ज्योति मगर, कृष्ण लुईंटेल, इन्दिरा जोशी, लाहुरे, कृष्ण गुरुङ, डम्बर नेपाली, तोक्मे बुढो (विल्शन बिक्रम राई) र माग्ने बुढोलगायतका कलाकारहरुको प्रस्तुति दिनेछन्। कुल ६० वटा व्यापारिक स्टलहरु रहने उक्त मेलामा बालबालिका तथा युवाहरुका लागि झुला, रोटेपिङ र ब्रेक डान्स लगायतको मनोरञ्जनात्मक खेलहरुको समेत व्यवस्था गरिने आयोजक संस्था अध्यक्ष किरण राजवंशीले बताए।

समितिका सदस्य र विभिन्न दाताहरुको सहयोगमा खर्च जुटाएर मेलाको आयोजना गर्न लागेको आयोजकले जनाएको छ। ११ दिन चल्ने उक्त मेला विराटनगर महानगरपालिका, आसपासका गाउँपालिका र सीमावर्ती राज्यका सर्वसाधारण गरि कुल ३० हजार बढीले अवलोकन गर्ने आयोजकको अनुमान छ।

## पहिलो पृष्ठबाट बाँकी

### सात...

मधेश प्रदेशमा २० अर्ब बढी पुँजीगत बजेट विनियोजन भएकोमा १३ अर्ब मात्र खर्च भएको थियो। पुँजीगत बजेट खर्चमा लुम्बिनी प्रदेशले सबैभन्दा राम्रो प्रस्तुति गरेको छ। आर्थिक वर्ष २०७७/७८मा २२ अर्ब पुँजीगत विनियोजन गरेको लुम्बिनीले १८ अर्ब ५० करोड रुपैयाँ बराबरको खर्च गरेको थियो।

आन्तरिक राजश्व संकलनमा पनि प्रदेशहरुले उल्लेख्य प्रगति गर्न नसेकेको आयोगको प्रतिवेदनबाट स्पष्ट हुन्छ। प्रदेश नम्बर १ ले आर्थिक वर्ष २०७६/७७ को तुलनामा २०७७/७८ मा करिव ५६ करोड रुपैयाँ बढी राजश्व संकलन गर्न सकेको थियो। सबैभन्दा बढी बागमती प्रदेशले १७ अर्ब ६० करोड रुपैयाँ राजश्व संकलन गरेको थियो। जुन अघिल्लो वर्षको तुलनामा करिव ४ अर्बले बढी हो।

### गिरिबन्धु...

पूर्व-पश्चिम राजमार्गको उत्तर र दक्षिणमा जोडिएको अरबौं मूल्यको जग्गालाई बिक्री गर्ने योजनासहति ओली सरकारले ऐन नै संशोधन गरेको खुलासा भएको थियो।

महंगो मूल्यको चिया बगानको सो जग्गा बिक्री गरेर दुर्गम सस्तो जग्गा चिया बगानको नाममा जग्गा खरिद गर्न दिने सरकारी निर्णय करोडौंको चलखेपछि भएको भन्दै चौतर्फी विरोध भएको बेला सर्बोच्चले निर्णय कार्यान्वयनमा रोक लगाएको हो। भूमि ऐन संशोधन संविधानविपरित भएको भन्दै सर्वोच्च अदालतमा अधिवक्ता ओमप्रकाश अर्याललले दायर गरेको रिटमा सर्वोच्चले अन्तरिम आदेशसहित सरकारका नाममा कारण देखाउन भनेको छ।

ओली नेतृत्वको सरकारले २८ माघ २०७६ भूमि सम्बन्धी आठौं संशोधन ऐन, २०७६ जारी गरेको थियो। त्यसपछि गत २८ असारमा प्रधानमन्त्रीबाट बाहिरि नुभन्दा ४ दिनअघि गिरीबन्धु टि स्टेटको नाममा रहेको ३४३ विघा १९ कठ्ठा १२ धुर जग्गा प्रदेश नम्बर १ भित्रै अन्यत्र स्थानान्तरण गरी सट्टभर्ना गर्ने विवादास्पद निर्णय ओलीले गरेका थिए।

### प्रदेश...

घाइते तथा रोगी पत्रकारहरुलाई सहयोग गर्न पत्रकार कल्याणकोष स्थापना गर्ने व्यवस्था पनि बिधेयकमा छ। नयाँ एकीकृत कानुन संसद्बाट पारित भएपछि पत्रकारिता तथा आम सञ्चार क्षेत्रकै विज्ञको नेतृत्वमा काउन्सिल रहनेछ भने पत्रकारिता र आमसञ्चार क्षेत्रबाटै सदस्यहरुको सहभागिता पनि निश्चित हुनेछ।

प्रदेशका सञ्चारमन्त्री नेतृत्वको सिफारिश समितिले काउन्सिलका अध्यक्ष तथा सदस्यहरु सिफारिश गर्ने र सोही आधारमा प्रदेश मन्त्रीपरिषदले काउन्सिल अध्यक्ष र सदस्यहरु नियुक्त गर्ने व्यवस्था विधेयकमा छ। प्रदेश मिडिया काउन्सिलको अध्यक्षका लागि पत्रकारिता, आमसञ्चार, सूचना प्रविधि तथा कानुनको विज्ञ हुनुपर्ने विधेयकमा उल्लेख छ। त्यस्तै सोहि क्षेत्रबाट ५ जना सदस्यहरु सरकारले नियुक्त गर्ने, पत्रकार महासंघको प्रदेश अध्यक्ष वा प्रतिनिधि र मन्त्रालयको सञ्चार महाशाखाका प्रमुख सदस्य रहने काउन्सिलमा मन्त्रालयले खटाएको प्रेस रजिष्ट्रार सदस्य सचिव रहने व्यवस्था विधेयकले गरेको छ।

यसअघि प्रदेश सरकारले गठन गरेको प्रतिष्ठान मन्त्रीको अध्यक्षतामा रहेकोले त्यो प्रेस स्वतन्त्रता अनुकुल नभएको भन्दै विरोध गरेको पत्रकार महासंघले नयाँ बिधेयक निर्माणको लागि नमुना मस्यौदा नै निर्माण गरेर सरकारलाई हस्तान्तरण गरेको थियो। सोही मस्यौदामा टेकेर सरकारले बिधेयक निर्माण गरेको हो।

# भोजपुरको शिविरमा डा.कोइराला

◆ **हाम्रोमत संवददाता**

*भोजपुर, २८ फागुन*



वरिष्ठ मुटुरोग विशेषज्ञ डा.भगवान कोइरालासहितको टोलीले जिल्ला भोजपुरका नागरिकको स्वास्थ्य उपचार गरेको छ। मुटुसँग सम्बन्धित रोग भएका बिरामीहरूले डाक्टर कोइरालासँग उपचार गराउनुका साथै परामर्श लिएका छन्।

दाँवली मिलन क्लब र नेपाल मेडिकल काउन्सिलको संयोजन तथा भोजपुर नगरपालिकाको आयोजनामा सञ्चालित शिविरमा मुटुरोग, हाडजोर्नी तथा नसा, मानसिक रोग, बालरोग, नाक, कान घाँटीलगायतका विभिन्न रोगको उपचार गरिएको छ। शिविरमा डा.भगवान कोइराला, डा.लोचन कार्की, डा.भूपेन्द्र बस्नेतलगायतका वरिष्ठ डाक्टरसहित करिब दुई सय स्वास्थ्यकर्मीको सहभागिता रहेको थियो।

आर्थिक अवस्थाका कारण बाहिरी जिल्लाहरूमा उपचार गर्न जान नसक्नेको लागि शिविरको आयोजना गरिएको आयोजकले जनाएको छ। बढी रकम तिरेर स्वास्थ्य उपचारका लागि अन्यत्र जानुपर्ने अवस्थाको अन्त्य हुने भएकाले पनि जिल्लाबासीका लागि यो शिविर प्रभावकारी भएको आयोजक दाँवली मिलन क्लबका अध्यक्ष रोशन श्रेष्ठले बताए। शिविरमा करिब ४ हजारले स्वास्थ्य उपचार पाएको आयोजकको दाबी छ। दुईदिने शिविरको उद्घाटन शुक्रबार विनाविभागीय राज्यमन्त्री उमेश श्रेष्ठले गरेका थिए।

# एभरेष्टको कविता प्रतियोगितामा चौलागाईं प्रथम

विराटनगर, २८ फागुन (हाम्रोमत)- विराटनगरस्थित एभरेष्ट कलेजले आयोजना गरेको खुल्ला कविता प्रतियोगितामा कक्षा १२ का विद्यार्थी प्रकाश चौलागाईं प्रथम भएका छन्।

डेढ दर्जनभन्दा बढी प्रतिस्पर्धीलाई पछि पार्दै 'युद्धले के पायो त' शीर्षकको कविता वाचन गरेर चौलागाईं प्रथम भएका हुन्।

'नारीवाद' शीर्षकको कविता वाचन गरेर जोस्ना श्रेष्ठ द्वितीय हुँदा 'द सिप अफ लाइफ' शीर्षकको अंग्रेजी भाषाको कविता सुनाएर मोनिका ढकालले तृतीय स्थान प्राप्त गरिन्। कवि एवं पत्रकार मीनकुमार नवोदित, माधवप्रसाद मुकुन्द, निर्णायक मिसन धमला र प्रतिमा कार्कीको निर्णायक समितिले सृष्मा काफ्ले र रासिका पोखरेललाई सान्त्वना पुरस्कारका लागि विजेता घोषणा गरेको थियो।

काफ्लेले 'प्राणभन्दा प्यारो देश' र पोखरेलले 'नयाँ गाउँ' शीर्षकको कविता प्रस्तुत गरेका थिए। अग्रज साहित्यकार मधु पोखरेलको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा कलेजका विद्यार्थीहरुले अप्रतियोगी कविता र गीत प्रस्तुत गरेर मनोरञ्जन प्रदान गरेका थिए।

विद्यार्थीभित्र लुकेर रहेको प्रतिभालाई प्रस्फुटन गराउने उद्देश्यले कलेजले कविता प्रतियोगिता आयोजना गरेको सहायक प्रधानाध्यापक नारायण कडरियाले बताए।

# वृद्धाश्रममा दिव्यज्योतिको शिविर

◆ **हाम्रोमत संवाददाता**

*विराटनगर, २८ फागुन*



विराटनगर- १४ मलायरोडमा रहेको दिब्यज्योती अस्पतालले २० औं जलविन्दु सचेतना सप्ताहको अवसर पारेर निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरेको छ।

विराटनगर-८ मा रहेको विराटेश्वर वृद्धाश्रममा शनिबार ज्येष्ठ नागरिकहरुको लागि निःशुल्क स्वास्थ्य शिविर आयोजना गरेको अस्पतालले जनाएको छ।

शिविरमा आश्रममा रहेका ज्येष्ठ नागकिर हरुको अस्पतालका वरिष्ठ जलविन्दु रोग विशेषज्ञ डा.प्रमोद शर्मा गौतम र नेत्ररोग विशेषज्ञ डा. उदयचन्द्र प्रकाशले आँखाको जाँच गरेका थिए। जलविन्दु सचेतना सप्ताहको अवसर पारेर आयोजना गरिएको स्वास्थ्य शिविरमा आश्रममा रहेका ६२ जना ज्येष्ठ नागरिकहरुको आँखा जाँच गरिएको अस्पतालका निर्देशक देवा यादवले जानकारी दिए।

स्वास्थ्य जाँच गरिएकामध्ये १५ जना ज्येष्ठ नागकिरहरुमा आँखाको समस्या देखिएको डा.गौतमलले बताए। १४ जना ज्येष्ठ नागरिकहरुको आँखामा जलबिन्दुको समस्या देखिएकोले उनीहरुको आँखाको शल्यक्रिया गरिनुपर्ने उनको भनाइ छ।

आँखामा समस्या देखिएका विरामीको निःशुल्क शल्यक्रिया अस्पतालमा गरिने निर्देशक यादवले बताए। सामाजिक उत्तरदायित्व अन्तर्गत अस्पतालले जलविन्दु सचेतना सप्ताहको अवसर पारेर स्वास्थ्य शिविर र सचेतनामुलक कार्यक्रम निरन्तर गर्दै आएको जनाएको छ।

# आगलागीमा एकको मृत्यु

ताप्लेजुङ, २८ फागुन (हाम्रोमत)- ताप्लेजुङको फुङ्लिङ नगरपालिका ४ को कोप्चेको पुरानो गोसलाइनमा शुक्रबार भएको आगलागीमा जलेर एक जनाको मृत्यु भएको छ।

स्थानीय रबिन लिम्बूको घरबाट सुरु भएको आगोले छिमेकी संगिता मादेनको घर पूर्ण रुपमा जल्दा सोही घरमा बस्ने ६७ वर्षीया चुलिमाया लिम्बूको मृत्यु भएको हो।

आगलागीमा परी घाइते भएकी उनको उपचारका क्रममा मृत्यु भएको फुङ्लिङ नगरपालिकाका मेयर छत्रपति प्याकुरेलले बताए।




# झापाबाट लाखौंको औषधि बरामद

◆ **हाम्रोमत संवाददाता**

*विर्तामोड, २८ फागुन*

झापाबाट प्रहरीले लाखौं मूल्य पर्ने ठूलो परिमाणमा प्रतिबन्धित औषधी बरामद गरेको छ। इलामबाट झापा आउँदै गरेको मे१च ६८३३ नम्बरको पिकअप गाडीबाट प्रहरीले ६९ लाख ७७ हजार ९४४ रुपैयाँ बराबरको औषधी बरामद गरेको हो।

शुक्रबार साँझ सवा ६ बजे प्रहरीले बुद्धशान्ति गाउँपालिका ४ बुधबारेबाट औषधी बरामद गरेको हो। पिकअपका चालक सूर्योदय नगरपालिका ३ का ३० वर्षीय सइन्द्र राई पनि पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक वसन्त पाठकका अनुसार छुर्पी र घ्यूको बोराले छोपेर प्रतिबन्धित औषधी ल्याइएको थियो।

ती औषधीमा ट्रामाडोल हाइड्रक्लोरिड, जिगोल्ड मेन र उमन सफ्ट जिलेटिन, जिनकोकेट, जिनेग्रालगायत रहेको प्रहरीले जनाएको छ।

औषधी पशुपतिनगर भन्सार हुँदै भारतबाट ल्याइएको आशंका गरिएको छ। बरामद औषधी, चालक र पिकअप औषधी व्यवस्था विभागको कार्यालय विराटनगरमा पठाउने तयारी भइरहेको प्रहरीले जनाएको छ।

# एड्भान्समा स्पाईन केयर युनिट

दमक, २८ फागुन (हाम्रोमत)- झापाको दमक ७ मा रहेको एड्भान्स अस्पतालले स्पाईन केयर युनिट सञ्चालमा ल्याएको छ।

मेरुदण्ड रोग विषेशज्ञ प्राध्यापक डा.गौरवराज ढकालको प्रत्यक्ष निगरानीमा रहनेगरि एड्भान्समा उक्त केयर युनिट सुरु गरिएको अस्पतालका सञ्चालक चैतन्य बरालले जानकारी दिए।

एड्भान्स अस्पताल सञ्चालक समिति सदस्य दिपक खरेलको अध्यक्षता र दमक नगरपालिका स्वास्थ्य अधिकृत नगेन्द्र भट्टराईको उपस्थितिमा केयर युनिट उद्घाटन भएको छ। अस्पतालका हाडजोर्नी तथा नशा रोग बिषेशज्ञ डा.अनुप पोखरेलले मेरुदण्ड रोग विषेसज्ञ डा. ढकालसँगको समन्वयमा स्पाईन सम्बन्धि समस्या भएका बिरामीको उपचार गरिने व्यवस्था मिलाइएको बताए।

अस्पतालका मेडिकल सुपरिटेन्डेन डा.विकाश सुवेदीका अनुसार अब ढाड, कम्मर, गर्धन दुख्ने तथा ढाडको नशा च्यापिएका बिरामीले अन्यत्र धाउनुपर्ने बाध्यता हटेको छ। केयर युनिट सञ्चालन गरिएको भएपनि केहि समय भित्रमै एड्भान्स अस्पतालमा अप्रेसन थिएरसहित स्पाईनको सबै उपचार गर्ने डा.सुबेदीले बताए।

**देवानगञ्ज गाउँपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय**
**देवानगञ्ज, सुनसरी**
**१ नं. प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मितिः २०७८।११।२९ गते)

यस गाँउपालिकाको तपसिलका ठेक्काको लागि मिति २०७८/१०/१६ गतेको राजधानी दैनिक पत्रिकामा सूचना प्रकाशित गरी बोलपत्र आह्वान गरिए अनुसार पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताले न्यूनतम रकम कबोल गरी बोलपत्र पेश गरेकोमा सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले मूल्याङ्कन समितिबाट स्वीकृतको लागि सिफारिस भएको र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र नियामावलीको ५४(क) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. सं. | बोलपत्रदाताहरुको नाम, ठेगाना | ठेक्का नं. | कबोल गरेको रकम Vat बाहेक |
|---|---|---|---|
| १ | Bhagwatee Construction,Dewangunj-6 | DRM-BUILDING/C/NCB/06/078/079 | 21,34,906/85 |
| २ | Bhagwatee Construction,Dewangunj-6 | DRM-BUILDING/C/NCB/07/078/079 | 13,36,877/02 |
| ३ | AayushConstr.&Supplierpvt.ltd, Gadhi | DRM-ROADS/C/NCB/22/078/079 | 4,64,701.00 |
| ४ | Aayush Constr,&Supplierpvt.ltd.Gadhi | DRM-ROADS/C/NCB/20/078/079 | 4,62,624/21 |
| ५ | Lumbini Eng. Workspvt.ltd.,Bu twal | DRM-SFSP/BMC/TB/01/078/079 | 15,82,665/90 |
| ६ | Bhagwatee Construction,Dewangunj-6 | DRM-BUILDING/C/NCB/05/078/079 | 75,61,150/79 |
| ७ | Bhagwatee Construction,Dewangunj-6 | DRM-ROADS/C/NCB/18/078/079 | 6,81,467/91 |
| ८ | Sundarva Construction ,Brt-11 | DRM-ROADS/C/NCB/21/078/079 | 5,12,597/02 |
| ९ | BhagwateeConstruction,Dewangunj-6 | DRM-ROADS/C/NCB/19/078/079 | 8,00,335/11 |
| १० | Shree pathibharamata store ,Brt-11 | DRM-GAS/NCB/05/078/079 | 8,96,650/00 |
| ११ | Shivam Crop Science pvt.Ltd.,Birgunj | DRM-SSM/C/NCB/03/078/079 | 7,36,534/00 |
| १२ | Bhardwaj Aushadhalay,inaruwa-1 | DRM-MEDICINE/SUPPLY /NCB/01/078/079 | 7,89,000/00 |

प्रमुख,प्रशासकिय,अधिकृत

